फो.नं ०१०६३०००६

# तादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**खरानीटार,नुवाकोट**
**स्था. २०७३**

**बागमती प्रदेश ,नेपाल**

सुपरिवेक्षक तथा गणक आवश्यकता सम्बन्धी सूचना ।
( प्रथम पटक प्रकाशित मिति २०७७।०९।०७)

गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका,२०७५ तथा नेपाल सरकार भुमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ४०,मिति २०७७।०८।१४ गते प्राप्त पत्रानुसार गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण प्रयोजनको लागि यस आ.व. २०७७।०७८ मा कार्यक्रम सञ्चालन गर्न सुपरीवेक्षक तथा गणक पदपुर्ति गर्नु पर्ने भएकोले तपशिल बमोजिम योग्यता पुगेका १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको छ ।

| सि.नं | विज्ञापन नं | पद | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | ०७/०७७/७८ | सुपरिवेक्षक | पाँचौ | १ |
| २ | ०८/०७७/७८ | गणक | चौथो | ४ |

आवश्यक न्युनतम योग्यता:

<u>सुपरिवेक्षकको लागि न्यूनतम योग्यता:</u>

क. मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उतिर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको ।

ख. यस गाउँपालिकाको स्थानिय बासिन्दालाई प्राथमिकता दिईनेछ ।

<u>गणकको लागि न्यूनतम योग्यता:</u>

क. . मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र वा सो सरह उतिर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको ।

ख. यस गाउँपालिकाको स्थानिय बासिन्दालाई प्राथमिकता दिईनेछ ।

दरखास्त संग संलग्न गर्नुपर्ने कागजात हरु

१. नेपाली नागरिकताको प्रतिलिपी ,वयक्तिक विवरण(CV/Biodata)।

२. शैक्षिक योग्यताको प्रतिलिपी ।

३. चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ।

४. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो ३ प्रति ।

५. कप्युटर सम्बन्धी ज्ञान/तालिम सम्बन्घी कागजात प्रमाणपत्र प्रतिलिपि ।

६. कृषि विकास बैङ्कमा रहको, तादी गाउँपालिका आन्तरिक राजश्वको खाता नं ०२१३३००९८५८४८०२२ मा आवेदन दस्तुर बापत रू ७०० बुझाई भौचर पेश गर्नुपर्ने ।

सेवा सुविधाः गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका,२०७५ मा उल्लेख भए अनुरूप हुनेछ ।

**अन्य**

छनौट प्रकृया : प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन गरि अन्तरवार्ता लिइने छ ।

दरखास्त दिने अन्तिम मिति, समय र स्थान : २०७७/०९/१३ गते सम्म कार्यालय समय भित्र,तादि गाउँपालिकाको कार्यालय ।

सम्पर्क मिति : आवेदन दिने अन्तिम मितिको भोलिपल्ट

अन्तरवार्ता मिति : सम्पर्क मितिको दिन तोकिने छ ।

उमेर हद: १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको हुनुपर्ने ।

थप जानकारीको लागि : ०१०-६३०००६,ito.tadimun@gmail.com

नोट: दरखास्त फारम कार्यालय वेवसाइट www.tadimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत